सूचनाको हक सम्बन्धी ऐन, २०६४

को दफा (५) तथा नियमावलीको नियम (३) बमोजिम स्वतः प्रकाशन हुने सूचना

# आन्तरिक राजस्व कार्यालय

## वीरगंज, पर्सा ।

## आ.व. २०८१/०८२

**(स्वतः प्रकाशन २०८२ बैशाख देखि असार मसान्तसम्म)**

### १. आन्तरिक राजस्व कार्यालय, वीरगंज पर्सा

नेपालको संविधानले परिलक्षित गरे अनुरुप विकास र समद्धिको लक्ष्य साकार पार्न आन्तरिक स्रोत परिचालनको महत्वपूर्ण भूमिका रहन्छ। मुलुकको आन्तरिक राजस्व परिचालन गर्ने मुल उद्धेश्यका साथ अर्थ मन्त्रालय अन्तर्गत विभागका रुपमा रहेको आन्तरिक राजस्व विभाग मातहत ४३ वटा आन्तरिक राजस्व कार्यालयहरु मध्ये आन्तरिक राजस्व कार्यालय, वीरगंज पर्साले मुख्य रुपमा आयकर, मुल्य अभिवृद्धि कर र अन्तःशुल्क ऐन/कानूनको प्रशासन गर्न मिति २०५८ सालमा स्थापना भएको एक कार्यालय हो । यस कार्यालयले पर्सा जिल्ला भित्र अवस्थित करदाताहरुको कर प्रशासन गर्दै करदाता सेवा, राजश्व संकलन र कर परिक्षण एवम् अनुसन्धानको कार्यहरु गर्दछ । आन्तरिक राजस्व परिचालनका लागि महत्वपूर्ण टेवा पुर्‍याउने उद्देश्यका साथ सूचना प्रविधिको उपयोग गर्दै करदाता सेवा प्रदान गर्ने, सबै करदाताको पहिचान दिने गरी स्थायी लेखा नम्बर जारी गर्ने, स्वयं कर निर्धारण प्रणालीलाई आत्मसाथ गर्दै सीमित करदाताको कर परीक्षण र अनुसन्धान गर्ने, सूचना प्रविधिको उपयोगबाट कर सहभागिता बढाउने र कर संकलन लागत घटाउने, करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउने, करदाता शिक्षा तथा सचेतना कार्यक्रम, करदातामैत्री प्रशासनलाई आत्मसाथ गर्दै स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न यस कार्यालयले आफ्नो दैनिक काम कार्यवाही सञ्चालन तथा सेवा प्रवाह गर्दै आएको छ । आन्तरिक राजस्वमा हुने बढोत्तरीसंगै मुलुकको आर्थिक समृद्धि जोडिएकोले करछली तथा चुहावट नियन्त्रण गरी **कर प्रणालीको सार, लगानीको आधार** तर्फ यस कार्यालय परिलक्षित रहेको छ।

२. कार्यालयको संगठन संरचना/ दरवन्दी तेरिजः

| विवरण | पद, नाम | तह/श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| **कार्यालय प्रमुख** | **श्री टिकाराज चौलागाई** | **रा.प. द्धितीय** | **प्रशासन** | **राजस्व** | **१** | |
| कर अधिकृत | श्री दिपेन्द्र कुमार झा | रा.प. तृतीय | प्रशासन | राजस्व | ९ जना। १ रिक्त | |
| कर अधिकृत | श्री रामेश्वर कुमार मिश्र | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री तुल्सीराम फुल्देल | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री कमल मैनाली | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री विकाश कुमार | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री निराज पोखेल | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री प्रविण चौधरी | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | श्री सुजित कुमार ठाकुर | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री सुरेन्द्र प्रसाद मण्डल | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री संजय राम | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | १५ जना। ६ रिक्त | |
| नायब सुब्बा | श्री सिताराम पण्डित | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री आयम घिमिरे | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री गणेश प्रशाद आचार्य | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री निलम थापा | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री संगम पेखरेल | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री श्यामबाबु मण्डल | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| नायब सुब्बा | श्री अनिमा श्रेष्ठ | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| लेखापाल | श्री सुनिल कुमार श्रेष्ठ | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | | |
| कम्प्युटर अप. | श्री सुबोध मण्डल | रा.प.अनं. प्रथम | विविध | प्राविधिक | ४ जना। ० रिक्त | |
| डा.ई.सु. | श्री विनोद कुमार प्रजापती | रा.प.अनं. प्रथम | विविध | प्राविधिक | | |
| डा.ई.सु. | श्री रामान्द प्रसाद यादव | रा.प.अनं. प्रथम | विविध | प्राविधिक | | |
| डा.ई.सु. | श्री सुरेश चौधरी | रा.प.अनं. प्रथम | विविध | प्राविधिक | | |
| सवारी चालक | श्री कोखिला तामाङ्ग | श्रेणी बिहिन | विविध | | | |
| सवारी चालक | श्री हरि प्रसाद बस्याल | श्रेणी बिहिन | विविध | | २ जना। ० रिक्त | |
| का.स | श्री शसि प्रसाद चौरासीया | श्रेणी बिहिन | विविध | | काजमा | |
| का.स | श्री शिवरात्री चौधरी | श्रेणी बिहिन | विविध | | ३ जना। १ रिक्त | |
| का.स | श्री मिना थापा | श्रेणी बिहिन | विविध | | | |

**३. कार्यलयको कामसंग सम्वन्धित विशेष कानूनहरु :**

- सालवसाली रुपमा जारी हुने आर्थिक ऐन,
- आयकर ऐन, २०५८ र नियमावली, २०५९ तथा आयकर निर्देशिका, २०६६
- मु.अ.कर ऐन, २०५२ र नियमावली, २०५३ तथा मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- अन्तःशुल्क ऐन, २०५८ र नियमावली, २०५९ तथा अन्तःशुल्क निर्देशिका, २०६८
- मदिरा ऐन, २०३१ र नियमावली, २०३३
- जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन, २०७६)
- विद्युतीय बीजक सम्बन्धी कार्यविधि, २०७४
- गैर बासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०७९।

४. **कार्यालयबाट प्रवाह हुने सेवा र शाखागत कार्य जिम्मेवारी: -**

प्रमुख कर अधिकृत कार्यालय प्रमुख रहने गरी ९ जना कर अधिकृत, १५ जना नायव सुव्वा, ४ जना कम्प्युटर अपरेटर, २ जना हलुका सवारी चालक र ४ जना कार्यालय सहयोगी गरी कुल ३६ जनाको दरवन्दी रहेको यस कार्यालयमा देहाय बमोजिमको शाखा रही निम्न कार्यहरु नियमित रुपले सम्पादन हुने गर्दछ ।

**१. करदाता सेवा शाखा:-** स्वीकृत दरबन्दी संरचना बमोजिम २ जना कर अधिकृत शाखा प्रमुख र आवश्यकता बमोजिम सहायक कर्मचारीहरु रहने यस शाखाले देहाय बमोजिमको कार्यहरु सम्पादन गर्ने गर्दछः-

अ. आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तर्फ दर्ता हुन आएमा करदाता दर्ता गर्ने ।

आ. व्यक्तिगत स्थायी लेखा नम्वर प्रदान गर्ने ।

इ. आयविवरण, मूल्य अभिवृद्धि कर विवरण र अन्तःशुल्क विवरण दर्ता गर्ने ।

ई. अन्तःशुल्क इजाजतपत्र जारी गर्ने र सो को नियमानुसार नवीकरण गर्ने ।

उ. करदाता शिक्षा एवम् अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।

ऊ. करचुक्ता प्रमाणपत्र प्रदान गर्ने।

ऋ. आयविवरण, मूल्य अभिवृद्धि कर विवरण र अन्तःशुल्क विवरण पेश नगर्ने करदातारुको सूची तयार गरी दाखिलाको लागि अनुरोध गर्ने ।

ऌ. दर्ता खारेजीको प्राप्त निवेदन कर परीक्षण तथा अनुसन्धान शाखामा पठाउने ।

ऍ. करदाताको अभिलेख अध्यावधिक राख्ने।

ऎ. कम्प्युटर विजकको स्वीकृती प्रदान गर्ने।

ए. कर छुट संस्थाको रुपमा दर्ता भएका करदाताहरुलाई कर छुट प्रमाणपत्र जारी गर्ने।

ऐ. आन्तरिक राजस्व विभागबाट EIMIS मा निर्दिष्ट कार्यजिम्मेवारीहरु (Functional Indicators) को लक्ष्य पूरा गर्ने ।

**२. कर संकलन शाखा:-** स्वीकृत दरबन्दी संरचना बमोजिम कर अधिकृत शाखा प्रमुख र आवश्यकता बमोजिम सहायक कर्मचारीहरु रहने यस शाखाले देहाय बमोजिमको कार्यहरु सम्पादन गर्ने गर्दछः-

अ. राजस्व संकलन गर्ने ।

आ. बक्यौता असूली गर्ने ।

इ. बक्यौता हिसाब मिलान गर्ने ।

ई. बक्यौता दाखिला गर्न अटेर गर्ने करदाता उपर कानूनी कारवाहीको प्रक्रिया अवलम्बन गर्ने ।

उ. बेरुजु व्यवस्थापन गर्ने ।

ऊ. पुनरावेदन व्यवस्थापन गर्ने ।

ऋ. Revenue Accounting System and RAS System को विश्लेषण र कार्यान्वयन गर्ने ।

ऌ. कम्प्युटरमा प्रविष्टि भएका भुक्तानी सम्बन्धी विवरण अध्यावधिक गर्ने ।

ऍ. आन्तरिक राजस्व बिभागबाट EIMIS मा निर्दिष्ट कार्यजिम्मेवारीहरु (Functional Indicators) को लक्ष्य पूरा गर्ने ।

३. **कर परिक्षण तथा अनुसन्धान शाखा:-** स्वीकृत दरवन्दी संरचना बमोजिम यस शाखामा २-२ जना कर अधिकृतको समूह रहने गरी तीन वटा समूह रहन्छ । तीन वटा समूहमा प्रतिसमूह २ जना कर अधिकृत र आवश्यकता अनुसार सहायक कर्मचारीहरु रहने यस शाखाबाट देहाय बमोजिमका कार्यहरु सम्पादन हुने गर्दछ:-

अ. जोखिम सूचकका आधारमा छनौटमा परेका करदाताहरुको पूर्ण कर परिक्षण एवम् अनुसन्धानको कार्य गर्ने ।

आ. जोखिम सूचकका आधारमा छनौटमा परेका करदाताहरुको चालू वर्षको कर परीक्षण (Stock Verification) गर्ने ।

इ. अग्रीम कर कट्टी परीक्षण गर्ने ।

ई. दर्ता खारेजीको परीक्षण गर्ने ।

ऎ. आन्तरिक राजस्व बिभागबाट EIMIS मा निर्दिष्ट कार्य जिम्मेवारीहरु (Functional Indicators) को लक्ष्य पुरा गर्ने ।

५. <u>२०८२ असार मसान्त सम्मको करदाता दर्ताको अवस्था</u>

यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत रहेका करदाता दर्ता संख्या देहाय अनुसार रहेको छः-

| सि.नं. | दर्ताको प्रकृति | २०८२ असार मसान्तसम्म दर्ता संख्या | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक स्थायी लेखा नम्वर (BPAN) | ४२,६९८ | |
| २ | व्यक्तिगत स्थायी लेखा नम्वर (PPAN) | १,००,५१० | |
| ३ | मूल्य अभिवृद्धि कर दर्ता (VAT) | ११,३१० | |
| ४ | अन्तःशुल्क इजाजत (Excise) | १९२९ | |
| ५ | Withholder PAN (WPAN) | ४८४ | |

## ६. राजस्व संकलनको अवस्था:

आ.व. २०७६/०७७ देखि आ.व. २०७८/०७९ सम्म भएको राजस्व संकलनको अवस्थाको प्रवृत्ति हेर्दा क्रमश वार्षिक लक्ष्य घट्दै गएको र राजस्व संकलन क्रमश बढ्दो क्रममा रहेको छ । आ.व. २०७९/०८० मा वार्षिक राजस्व संकलनको लक्ष्यमा १.१२ प्रतिशतले बढोत्तरी भएपनि सोही आ.व.मा संकलनमा संकुचन आएको देखिन्छ । आ.व. २०८०/०८१ मा राजस्व संकलनको वार्षिक लक्ष्यमा करिब २ प्रतिशत संशोधन गरी घटाइएकोमा निर्धारित लक्ष्यको करिब ७३ प्रतिशत राजस्व संकलन भएको अवस्था देखिन्छ । चालु आर्थिक बर्ष २०८१/०८२ मा आन्तरिक राजस्व विभागबाट कार्यालयलाई निर्धारित रु. ८ अर्व ७१ करोड ८२ लाखको राजस्व संकलनको लक्ष्य तोकिएकोमा असार मसान्तसम्म निर्धारित लक्ष्यको १०९ प्रतिशत लक्ष्य हसिल भएको छ । चालु आ.व. २०८१/०८२ को श्रावण देखि असार मसान्तसम्म भएको राजस्व संकलनको अवस्थालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ:-

तालिका: ३ विगत चालु आ.व. २०८१/०८२ को असार महिना र असार महिनासम्मको निर्धारित लक्ष्य र प्रगती:- रकम रु हजारमा।

| समूह | २०८२ असार महिनाको | | | २०८२ असार महिना सम्मको | | |
|---|---|---|---|---|---|---|
| | लक्ष्य | संकलन | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत |
| आयकर | 592241.12 | 559384.16 | 94 | 3033597.98 | 3192755.45 | 105 |
| मु.अ.कर | 360344.41 | 291618.82 | 81 | 2588711.99 | 2129169.22 | 82 |
| अन्तःशुल्क | 249159.9 | 87352.35 | 35 | 3095712.99 | 4137390.38 | 134 |
| जम्मा | 1201770.38 | 938499.65 | 78 | 8718234.96 | 9459507.07 | 109 |

७. **आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण:**

| जम्मा बिनियोजित बजेट | | २०८२ असार महिनासम्म चालु खर्च | २०८२ असार महिनासम्म पुँजीगत खर्च | जम्मा खर्च | प्रगति (प्रतिशत) |
|---|---|---|---|---|---|
| चालु | पुँजीगत | | | | |
| ३,६२,३६,००० | २१,००,००० | २,८५,७८,४५१/४५ | १९,०७,३२४/४७ | ३,०४,८५,७७५/९२ | ७७.५० % |

८. **निर्णय गर्ने प्रक्रिया र अधिकारी**

कुनै पनि बिषयमा निर्णय लिनुपूर्व कानूनी प्रक्रिया पुर्याई सम्वन्धित शाखाबाट उठान भएका बिषयमा आधार र कारण सहित कार्यालय प्रमुखबाट निर्णय गराई कार्यम्पादन हुने गरेको।

९. **सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र सम्पर्क नम्वर:**

- सूचना अधिकारी रामेश्वर कुमार मिश्र (९८५५०१४०९२)
- कार्यालय प्रमुख टिकाराज चौलागाई (९८५५०३४०९२)

१०. **कार्यालयको सम्पर्क माध्यम:**

आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्सा

Website: https://ird.gov.np/branch/inlandrevenueofficebirjung.

Email: iro17@ird.gov.np

Contact no: ०५१ -५२२०६६

Location:

https://www.google.com/maps?ll=27.013859,84.873539&z=17&t=m&hl=en&gl=NP&mapclient=embed&cid=7380238208664162623